# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

## १८ असार २०७७

## बिहीबार

## (बैठक सङ्ख्या–३४)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहीबार बिहान ११:०५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रामनारायण विडारी ।

**माननीय श्री रामनारायण विडारी (मनोनीत)**:- अध्यक्ष महोदय, यातायात क्षेत्रमा खर्बौ खर्ब लगानी नेपाली मात्रको छ । यसलाई हेर्ने छुट्टै विशेष मन्त्रालय छैन । जोल्ठाइएको मन्त्रालय छ । त्यसले एउटा पाटोमात्र हेर्छ । अर्को यातायात क्षेत्र हेर्दैन । त्यसैले यो क्षेत्र अस्तव्यस्त छ । बस छ, ट्रक छ, ट्रिपर छ, ट्रयाङ्कर छ, बुलेट छ, मालबाहक छ, यात्रुबाहक छ । किसिम-किसिमका काम गर्ने यातायातका साधन छन् । त्यसका बेग्लाबेग्लै नीति चाहिन्छ । निजी र

सार्वजनिक भाडाका सवारीहरू छन् । निजीले पनि सार्वजनिक भाडाका काम गरिरहेका छन् । COVID- 19 ले थला परेको छ । यी व्यवसाय उठ्नै सकेका छैनन् । तसर्थ १० प्रतिशत पुनर्कर्जा र ढुवानीमा भ्याट छुट गरिदिएर TDS मात्र लाग्ने व्यवस्था गर्ने, नीति निर्माण गर्न सरकार सक्छ कि सक्दैन ? ट्र्याक्सी व्यवसायीहरू अलपत्र परेका छन् । बेइमानीत भइराखेको छ । आधा यात्रु बोकेर....(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई (पौड्याल) ।

**माननीय डा. विमला राई (पौड्याल) (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो देशमा VVIP अति विशिष्ट व्यक्तिहरूको लागि राम्रोसँग सुरक्षा प्रवन्ध गर्ने प्रचलन रही आएको छ र अहिले पनि भइराखेको छ तर विगत केही दिनदेखि हामीले सुनिराखेका छौं यति बेलाको अवस्थामा सबैभन्दा बढी VVIP भनेका स्वास्थ्यकर्मी हुन् । स्वास्थ्यकर्मीले धेरै ठाउँमा पिटाइ खाइराखेको हामीले सुनिराखेका छौं । त्यो भएर उनीहरूको सुरक्षाको प्रबन्ध राम्रोसँग गरियोस् । उनीहरू सुरक्षित भएनन् भने हामी कोही पनि सुरक्षित हुन सक्दैनौं भनेर ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शान्ती कुमारी अधिकारी जि.सि ।

**माननीय श्री शान्ती कुमारी अधिकारी जि.सि (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको परम्परा जेठ १५ गते बजेट सार्वजनिक गरी असार महिनाभित्र बजेट पास गरिन्छ । श्रावण र भाद्र महिनामा कर्मचारीहरू पालै पालो घरबिदामा बस्ने हुँदा कर्मचारीको अभावमा कार्यालयमा काम ढिलासुस्ती हुन्छ । मन्त्रालयहरूले अख्तियारी दिँदा ढिलो दिने कारणले स्थानीय निकायमा सम्झौता पौष महिनाबाट सुरु भई चैत महिनाभित्र सकिन्छ आयोजनाहरूको सम्झौता गरेर सकिन्छ । वैशाख जेठ र आषाढ महिनामा विकास निर्माणको काम द्रुत गतिमा हुन्छ । वर्षायाममा गरिएको विकास निर्माणको काम विकास होइन विनाश हुन्छ किनकि बाढी पहिरो जान्छ । धनजनको क्षति हुन्छ । बस्ती नै उजाड हुन्छ । हतारमा काम गर्दा विकास कागजमा मात्र सम्पन्न गरी मिलोमतोमा बजेट सकाइन्छ । त्यसैले असाढे विकासलाई सँधैको निम्ति अन्त्य गरिनु पर्दछ । मन्त्रालयले अख्तियारी चाँडो दिनुपर्ने असोज महिनाभित्र सम्झौता गरिसक्नु पर्ने, कार्त्तिकबाट काम सुरु गर्नुपर्ने र जेठ मसान्तसम्म

आयोजनाहरूका काम सम्पन्न गरिसक्नु पर्ने किसिमले नीति नियम बनाइनु आवश्यक छ । समयानुकूल शैक्षिक सत्र ...(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय शारदा देवी भट्ट ।

**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- (आवाज नसुनिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय शेर बहादुर कुँवर ।

**माननीय श्री शेर बहादुर कुँवर (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, यो क्वारेनटाइनको अस्तव्यस्तताले कोरोना महामारी अझै झन् व्यापक भएको छ । दिन प्रतिदिन सङ्ख्या बढिरहेको छ । पीसीआर टेष्ट ल्याबको व्यवस्थापनको कमी कमजोरीका कारण आज यो कोरोना समुदाय लेबलमा पुगेको आभाष भइरहेको छ । र कैयौँ ठाउँहरूमा आरडीटी टेष्ट गरेर पनि पोजेटिभ आएर पनि फेरि घरमा पठाइने गरिन्छ । पुनः पीसीआर टेष्ट गर्दाखेरि पोजेटिभ आउँछ र आरडीटी टेष्टमा पोजेटिभ आएकाहरूको स्वाब प्रयोगशालामा ल्याएको झण्डै-झण्डै २८ दिन भइसक्यो । त्यसको अझै पनि नतिजा आएको छैन । यसले झन् भयावह स्थिति उत्पन्न भएको छ र स्थानीय जनप्रतिनिधि पनि कोरोनाको सङ्क्रमणबाट प्रभावित भएको आभाष भएको छ । यसबाट झन् स्थिति जटिल बन्दै गएको म जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय परशु राम मेघी गुरुङ । समय १५ मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री परशु राम मेघी गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म आज भ्रष्टाचारका बारेमा केही नीतिगत कुराहरू यस सम्मानित सदनमा राख्ने अनुमति चाहन्छु र हामी पूर्वीय दर्शनबाट धेरै प्रभावित छौँ । हाम्रो पूर्वीय दर्शनले के भन्छ भने मानिसहरूको आचार सत् हुनुपर्छ । अथवा सत् आचार भनेको सदाचार हो । यदि मानिसहरूको आचार सत् भएन भने त्यो भ्रष्ट भयो भने त्यो आचार चाहिँ भ्रष्टाचार हुन्छ । त्यसैले हाम्रो पूर्वीय दर्शनको मान्यता मानिसको जीवन दर्शन भनेको सदाचारयुक्त हुनुपर्छ । भ्रष्टाचार हुनुहुन्न । भ्रष्टाचारयुक्त हुनुहुन्न । त्यस्तै गरेर हाम्रो पूर्वीय दर्शनले नै भन्छ । सबै मानिसहरूले धर्मको पालना गर्नुपर्छ । अथवा पूर्वीय दर्शनको सार भनेको हाम्रा धार्मिक ग्रन्थहरूको सार भनेको धर्मको पालना गर । धर्मको पालना गर्ने क्रममा मानिसहरूका १८ वटा संस्कार हुन्छन् जन्मदेखि मृत्युसम्म । ती १८ वटा संस्कारहरूमा मानिसले यो त्यो धर्मको पालना गर्नुपर्छ, नियमको पालना गर्नुपर्छ । यो सन्देश हामीलाई दिन्छ र आज हामी त्यही कुरालाई आजको आधुनिक युगमा के भनिरहेका छौँ भन्दाखेरि नागरिकहरूले, राज्य सबैले कानूनको पालना गर्नुपर्छ । हिजो हामी धर्मको पालनाको कुरा गर्थ्यौ भने आज हामी कानूनको पालनाको कुरा गरिरहेका छौँ । र आजको आधुनिक लोकतन्त्र भनेको वास्तवमा rule of law (कानूनको) शासन भनेर हामी आज यसरी परिभाषित गरिरहेका छौँ, अध्यक्ष महोदय ।

यही क्रममा संसदको काम भनेको बनेका कानूनहरूको परिपालना भएको छ कि छैन त्यसलाई हेर्ने त्यसको चाहिँ छानबिन गर्ने, त्यसलाई बुझ्ने त्यसको post legislation को काम गर्ने र हामीले सदाचारयुक्त कानूनहरूको निर्माण गर्ने यो हाम्रो एउटा प्रमुख दायित्व हो भन्ने मलाई लाग्छ, अध्यक्ष महोदय । यही क्रममा हामीले यो मुलुकमा थुप्रै राजनीतिक आन्दोलनहरू भएर पछिल्लो जुन लोकतान्त्रिक गणतान्त्रिक आन्दोलन हो त्यो आन्दोलनको प्रमुख एउटा नारा भनेको के हो भने मुलुकमा रहेका सबै क्षेत्रको भ्रष्टाचारबाट मुलुकलाई अन्त्य गर्नुपर्छ । भ्रष्टाचारलाई अन्त्य गरेर मात्रै वास्तवमा के छ भन्दाखेरि मुलुकका प्रगति र उन्नति सम्भव छ । यो त्यो जनआन्दोलनको त्यो जनक्रान्तिको एउटा उद्घोष हो त्यो नारा हो, त्यो माग हो । यस अनुरूप नै अध्यक्ष महोदय, म के निवेदन गर्न चाहन्छु भने हामीले जब २०६२/०६३ को जनक्रान्तिलाई सम्पन्न गर्दै हामी अगागि बढ्यौँ । यस पछाडि अब यो मुलुकमा भ्रष्टाचारलाई कसरी अन्त्य गर्ने भन्ने क्रममा नेपालको यही संसदले के गऱ्यो त भन्दाखेरि अब हामीले सबै क्षेत्रको मुलुकमा भएका चाहे त्यो राजनीति क्षेत्रको होस् चाहे त्यो सार्वजनिक क्षेत्रको होस् चाहे त्यो निजी क्षेत्रको होस् । सबै क्षेत्रको भ्रष्टाचारबाट मुलुकलाई चाहिँ अन्त्य गर्नुपर्छ । त्यसलाई नियन्त्रण गर्नुपर्छ । यो भावनाका साथ नेपालको संसदले आजभन्दा करिब-करिब १४ वर्ष अगाडि २०६३/०६४ सालमा भ्रष्टाचार विरुद्धको UN महासन्धिलाई अनुमोदन गर्ने काम गऱ्यो । त्यसलाई चाहिँ अनुमोदन गर्दै राज्य यसको पक्ष हुनु पर्छ भनेर यो नेपालको संसदले पारित गऱ्यो । त्यो प्रस्तावलाई प्रस्तुत गर्ने क्रममा त्यति बेला म आफैले नै त्यो प्रस्तावलाई संसदमा पेश गरेको थिएँ । अध्यक्ष महोदय म यो निवदेन गर्न चाहन्छु । र त्यति बेला संसदभित्र

नेपाली काँग्रेसको बहुमत चाहिँ थियो । तर पनि हामीले सर्वसम्मत म एउटा प्रतिपक्षको सभासद्को हैसियतले राखेको त्यो प्रस्ताव चाहिँ एउटा म सर्वसम्मतबाट पारित भएर त्यसकै आधारमा सरकारले २०६७ सालमा भ्रष्टाचार विरुद्धको माहासन्धिलाई नेपाल पक्ष राष्ट्र भनेर त्यसलाई पक्ष राष्ट्र समेत भयो र यो भ्रष्टाचार विरुद्धको महासन्धि मात्र एउटा यस्तो सन्धि हो । जसले राज्यलाई अरु कुनै पनि सन्धि सम्झौताहरूले राज्यलाई दायित्व थप्ने गर्छ तर यो सम्झौताले दायित्व थप्ने होइन यसले सहयोग गर्ने काम गर्छ । त्यो सहयोग गर्ने मुख्य दुई वटा कुराहरू छन् । त्यो दुई वटा कुरा भनेको एउटा भनेको के हो भने मुलुकभित्र जसले भ्रष्टाचार गरेर मुलुक बाहिर भाग्छ अथवा पैसा बाहिर लुकाउँछ त्यस्ताहरूको खोजी नीति गरेर त्यस्ता व्यक्तिहरूलाई कारबाही गर्नको निम्ति मुलुकमा ल्याउनको निम्ति यो सम्झौताले अन्तर्राष्ट्रिय रूपबाट सहयोग गर्छ भन्दाखेरि मुलुकभित्रको कानूनी शासनलाई सुशासनलाई र भ्रष्टाचारलाई न्यूनीकरण गर्नको लागि कानूनी बन्दबस्तहरू गर्नको लागि यसले सहयोग गर्ने काम गर्छ । यो यस्तो प्रकृतिको एउटा महासन्धि हो । अध्यक्ष महोदय, यही प्रसङ्गसँग जोड्दै जब हामीले संविधानको निर्माण गर्‍यौं । संविधानको निर्माण गर्दा संविधानको धारा ५१ ले जहाँ चाहिँ राज्यको हामीले नीति र प्रतिबद्धताहरू छन् त्यसले के भन्छ भन्दाखेरि हाम्रो संविधानले राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक क्षेत्रका भ्रष्टाचारहरूको अन्त्य गर्ने र संयुक्त राष्ट्र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने कुरा गर्दै यस त्यही धाराले के भन्छ भन्दाखेरि अर्को खण्डमा नेपाल पक्ष राष्ट्र भएका सम्पूर्ण सन्धि सम्झौताहरूको कार्यान्वयन गर्दै जाने यो प्रतिबद्धता पनि हाम्रो संवैधानिक प्रतिबद्धता हो ।

अध्यक्ष महोदय, यही क्रममा म यहाँ के निवेदन गरौं भने आज हामी यो संविधानलाई कार्यान्वयन गर्ने एउटा सङ्क्रमणकालीन अवस्थामा छौं, अध्यक्ष महोदय । यस क्रममा अझ सरकारको तर्फबाट यो भ्रष्टाचारलाई अन्त्य गर्ने जो हाम्रो महासन्धि र त्यसप्रतिको प्रतिबद्धता हो । त्यो समेतलाई चाहिँ के छ भन्दाखेरि सम्बोधन गर्ने हिसाबबाट सरकारले संसदमा विधेयकहरू पनि प्रस्तुत गर्ने काम गरेको छ र आज हामी त्यसका बारेमा केही छलफल गर्दै छौं । यसरी छलफल गर्ने क्रममा म के निवेदन गर्न चाहन्छु भने आज हाम्रो मुलुकमा भ्रष्टाचारको अवस्था के छ ? कुन-कुन क्षेत्रमा भ्रष्टाचारको अवस्था कुन-कुन अवस्थामा छ ? आज संसारभरि नै राज्यहरूको चुनौति, सरकारहरूको चुनौति भनेको भ्रष्टाचार हो । नेपालको अवस्था के छ ? राजनीतिक क्षेत्रमा के छ ? सार्वजनिक क्षेत्रमा के छ ? निजी क्षेत्रमा के छ ? हामीले के छ भन्दाखेरि यो बेलामा गम्भीर बहस र छलफल गर्न जरुरी छ । राजनीतिक क्षेत्रको कुरा गर्दा आज जनताहरू प्रश्न गरिरहेका छन् । राजनीतिक दलहरूको आय स्रोत के हो ? पारदर्शी हुने कि नहुने ? जनताले थाहा पाउने कि नपाउने ? उनीहरूलाई tax लाग्ने कि नलाग्ने ? राजनीतिक दलहरूले लिने सहयोग भनेको अग्रिम रिसवत् हो कि के हो ? यो कुरा जनताले जान्न पाउनु पर्दछ । यसमा कानूनी प्रबन्ध हुनुपर्छ । जनताहरू यसो भनिरहेका छन् । त्यस्तै गरेर आज जुन हिसाबबाट आज हामी जनप्रतिनिधिहरूलाई आरोप छ ती वास्तवमा जनप्रतिनिधिहरू हामीलाई आरोप छ कि बजेट लिएर गाउँमा आउँछन् तर ल्याएको बजेटको

३० प्रतिशत, ४० प्रतिशत चाहिँ हामीलाई कमिसन चाहिन्छ । यो त एउटा परम्परा कै रूपमा स्थापित भइसक्यो भनेर जनताहरू भनिरहेका छन् । त्यो विषयमा आज जनप्रतिनिधिहरूले आफ्नो सदाचारको निम्ति, आफ्नो के छ भन्दाखेरि हामी एउटा खरो उत्रिनको निम्ति अग्नि परीक्षामा उभिन हामी तयार छौँ भन्ने कि नभन्ने ? अध्यक्ष महोदय । त्यसको निम्ति हामीले कानूनी प्रबन्धहरू गर्ने कि नगर्ने ? आज यो प्रश्न आइसकेको छ ।

अध्यक्ष महोदय म यस्तै गरेर निवेदन गर्न चाहन्छु कि वास्तवमा आज निर्वाचन प्रणालीको कुरा गर्दाखेरि यो निर्वाचन प्रणाली बहुमतीय निर्वाचन प्रणाली हो कि बहुधनीय निर्वाचन प्रणाली ? आज प्रश्न आइरहेको छ । जोसँग बढी धन छ त्यसैले चुनाव जित्छ । जसले बढी भोट ल्याउँछ भन्ने भन्थ्यौं त्यो मान्यता चाहिँ कमजोर भएर गएको छ । यो विषयमा राजनीतिक दलहरूले संसदले छलफल गर्ने कि नगर्ने ? अध्यक्ष महोदय । यो विषयमा छलफल गर्नै पर्दछ । यस्तै गरेर अध्यक्ष महोदय, म निवेदन गर्न चाहन्छु । सार्वजनिक क्षेत्रभित्रका कतिपय कुराहरू छन् त्यहाँ नीतिगत कुराहरू होलान् । कानूनको दुरुपयोगको कुरा होलान् । कानूनका परिपालना नभएको कुराहरू होलान् । यी तमाम् विषयहरूमा पनि आज हामीले छलफल गर्न जरुरी छ भने यस्तै गरेर जहाँसम्म निजी क्षेत्रको कुरा छ आज जुन सामाजिक क्षेत्रको कुरा छ । सामाजिक क्षेत्रमा घुस लेनदेन हुन्छ कि हुँदैन ? कोही भन्न सक्छ घुस लेनदेन हुँदैन भनेर । अध्यक्ष महोदय, यस्तै गरेर आज हिसाबबाट हामीले मैले हेरेको छु संसारका कतिपय मुलुकहरूले अध्ययन अनुसन्धान गरेका छन् र मैले त्यो अनुसन्धानका रिपोर्टहरूलाई हेरिरहँदाखेरि के पाएको छु भन्दाखेरि आज जुन रूपबाट संसारमा गरिबी बढ्दै छ । धनी र गरिबको बीचको खाडल बढ्दै छ र आज जुन रूपबाट महङ्गि र मूल्य बृद्धि हुँदैछ यो गर्नको निम्ति खासगरिकन सामाजिक क्षेत्रमा हुने भ्रष्टाचारको योगदान २० प्रतिशतसम्म छ । हाम्रो नेपालमा यसको कति प्रतिशत छ ? त्यो विषयमा हामीले अध्ययन र छलफल गर्नुपर्ने होला त्यो गर्न जरुरी छ । यसो भएको हुनाले मैले अध्यक्ष महोदय यो सिमित समयमा के मात्र निवेदन गर्न चाहन्छु भने आज भ्रष्टाचारका विषयमा हामीले त्यसलाई न्यूनीकरण गर्ने त्यसलाई अन्त्य गर्ने विषयमा छलफल गर्ने हो कि भ्रष्टाचार गर्नेहरूलाई सहुलियत र सुविधा दिने अथवा privilege दिने हिसाबबाट छलफल र बहसहरू हुने हो । यो हुनु हुँदैन अध्यक्ष महोदय मैले निवेदन गर्न चाहन्छु कि भ्रष्टाचारलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? कसरी यो मुलुकलाई चाहिँ के छ भन्दाखेरि भ्रष्टाचारलाई न्यूनीकरण गरेर यो मुलुकको सामाजिक प्रगति र उन्नतिलाई अगाडि बढाउन सकिन्छ त्यो कोणबाट छलफल हुनुपर्छ म निवेदन गर्न चाहन्छु । सभा अध्यक्ष महोदय, र म निवेदन गर्न चाहन्छु कि आज वास्तवमा एक चोटि पद्म रत्न तुलाधर हाउसमा रुनु भएको थियो । वास्तवमा भन्ने हो भने मलाई पनि आज वास्तवमा त्यस्तै-त्यस्तै भएको छ अध्यक्ष महोदय । के आज हाम्रा मनहरूमा रहेको सिद्धान्त, दर्शन, दृष्टिकोण, नैतिकता सबैको मृत्यु भइसकेको हो । के आज उपभोक्ता बाँधमा डुबेर आज हामी सबैको सिद्धान्त, दर्शन र नैतिकता आज अन्त्य भइसकेको हो ? पक्कै पनि होइन । यस्तो हुनु हुँदैन अध्यक्ष महोदय ।

मैले निवदेन गर्न चाहन्छु कि जहाँसम्म आज नेपालमा कानूनी प्रबन्धहरू के छ ? नेपालका कानूनी प्रबन्धहरूको कम्तीमा (क), (ख), (ग) हामी बुझ्न सक्छौँ । मानिसहरूले हामीलाई थाहा छ कि आज मुलुकका सबै मानिसहरूको सम्पत्ति शुद्ध हुनुपर्छ । सम्पत्ति शुद्धीकरण ऐनले यही कुरा भन्छ अनि कतिपय नियमनकारी संस्थाहरू छन् जसले यस्ता कुराहरू अनियमितता हुनको लागि उसले रोक्ने गर्दछ । तर एउटा प्रश्न गम्भीर प्रश्न छ । बृद्धिजीविहरूको लागि यो प्रश्न छ, कानून विद्हरूको लागि प्रश्न छ । संवैधानिक विद् विज्ञहरूको लागि एउटा पश्न छ र त्यो प्रश्न के हो भने अध्यक्ष महोदय, यी सबै नियमनकारी संस्थाहरूले नेपालमा भएका भए भरका अन्य जति पनि नियमनकारी संस्थाहरू छन् ती सबै नियमनकारीहरूले भ्रष्टाचारको कसुरको बारेमा नत अनुसन्धान गर्न पाउँछन् न त उनीहरूले मुद्दा दर्ता गर्न पाउँछन् । भ्रष्टाचारको छानबिन गर्न पाउँदैनन् । यतिसम्म आज एउटा कानूनी शासनको मूल्य र मान्यतामा एउटा विभेदको अवस्था छ, एउटा संस्था जो राष्ट्रिय मैले उदाहरणकै रूपमा भन्नु पर्दा राष्ट्रिय वाणिज्य बैङ्कमा बस्ने एउटा पियनले १ रुपियाँ घुस खाएछ भने ऊ अयोग्य हुन्छ । उसको जागिर जान्छ उसले जीवनमा कुनै पनि नागरिकले गर्न पाउने उसको योग्यता हुँदैन । ऊ अयोग्यता ठहरिन्छ । तर त्यस्तै किसिमको अर्को संस्थाले १ करोड भ्रष्टाचार गऱ्यो, १ करोड घुस खायो १ करोड जनतालाई लोन प्रवाह गर्दाखेरि पनि घुस खायो भने १ करोड खाए पनि ऊ अयोग्य हुँदैन । उसलाई ठगी मुद्दा लाग्ला, उसलाई कुनै हिनामिनाको मुद्दा लाग्ला तर ऊ भ्रष्टाचारको आरोपि हुँदैन, ऊ अयोग्य हुँदैन । के कानूनी सिद्धान्तको मान्यताको आधारमा नागरिकहरूलाई यस्तो विभेद किसिमको विभेद हुन सुहाउँछ अध्यक्ष महोदय यो सुहाउँदैन । यस विषयमा हामीले के छ भन्दाखेरि विचार गर्नु पर्ने जरुरी भएको छ अध्यक्ष महोदय । यस्तै गरेर मैले निवेदन गर्न चाहन्छु कि वास्तवमा यो किसिमको फेरि पनि यो यी सबै कुराहरूलाई अन्त्य गर्नको लागि वास्तवमा भ्रष्टाचारलाई नियन्त्रण गर्नको लागि यसको मुख्य जिम्मेवारी फेरि पनि सरकारको हो । सरकारले नै यो तमाम् क्षेत्रहरूलाई ध्यान दिनुपर्छ र सरकारले जे गरिरहेको छ भ्रष्टाचार नियन्त्रणको लागि त्यसमा साथ दिन हामी सबैको कर्तव्य हो । आज जुन रूपबाट सरकारले भ्रष्टाचार नियन्त्रणको लागि केही क्षेत्रहरूलाई सजग गर्नको लागि केही क्षेत्रहरूलाई सर्तकता गर्नको लागि जुन ऐनहरू आएको छ यो बारेमा हामीले सरकारलाई सहयोग गर्नुपर्छ र मलाई लाग्छ सरकारको भ्रष्टाचार गर्ने र नियन्त्रण गर्ने प्रमुख दायित्व भएको हुनाले भ्रष्टाचार नियन्त्रण गर्ने कुराबाट पछि हट्न हुँदैन । सरकारले कुनै हालतमा पछि हट्न हुन्न । म यो जोडदार रूपमा सरकारलाई निवदेन गर्न चाहन्छु । आग्रह र अनुरोध गर्न चाहन्छु । र यसो भनिरहँदा मलाई थाहा छ कि वास्तवमा कुनै एउटा निकायलाई कुनै एउटा संस्थालाई मात्रै यो सबै कुराको जिम्मा दिएर हुन्छ ? हुँदैन । यसको लागि पनि हामीले व्यवहारिक ढङ्गबाट सोच्नु पर्छ र व्यवहारिक निष्कर्षहरूका साथ हामीले अगाडि जानुपर्छ । म निवेदन गर्न चाहन्छु अध्यक्ष महोदय । यसो भएको हुनाले जबसम्म मुलुकमा रहेका सबै क्षेत्रका भ्रष्टाचारहरूको अन्त्य गरिन्न त्यसलाई न्यूनीकरण गरिन्न । अथवा मानिसहरूमा एउटा सदाचारयुक्त संस्कारको विकास गर्न सकिन्न तबसम्म हामीले मुलुकलाई

एउटा शान्ति सुव्यवस्थाको कुरा होस् अथवा समृद्ध राष्ट्रको कुरा होस् अथवा समाजवाद उन्मुख राष्ट्र निर्माणको कुरा होस् । यो कुरा सम्भव हुन सक्दैन । त्यसो भएको हुनाले सभामुख महोदय मैले निवेदन गर्न चाहन्छु कि हामीले जुन हिसाबबाट समृद्ध राष्ट्रको कुरा गरिरहेका छौँ । खुसी नेपालीको कुरा गरिरहेका छौँ । यो काम गर्नको लागि फेरि पनि सरकारको तर्फबाट तीन वटा काम गर्नुपर्छ । म यो निवेदन गर्न चाहन्छु ।

एउटा कुरा हाम्रो सभ्यता, हाम्रो जुन संस्कृति हो सदाचारको संस्कृति हो त्यो सदाचारको संस्कृतिलाई व्यापकता बनाउन जरुरी छ । सदाचारको संस्कृति भनेको के हो ? सदाचारयुक्त मानिसको जीवन कस्तो हुनु पर्दछ ? सदाचार आजको आधुनिक युगमा सदाचार भनेको के हो यो कुराको व्यापक के छ भन्दाखेरि व्यापकता गर्नुपर्छ । यो राज्यको तर्फबाट गर्नुपर्छ । स्कुल कलेजहरूमा चाहिँ यस्ता पाठ्यक्रमहरू विकास गरेर हुन सक्छ । यस्तै गरेर हाम्रा सार्वजनिक संस्थाहरूको व्यवहारबाट हुन सक्छ । यो कुराको व्यापकता ल्याउन आज जरुरी भएको छ । त्यस्तै गरेर कानूनहरूको समिक्षा गर्न जरुरी भएको छ । कानूनहरूको समीक्षा गर्दै त्यसलाई कानूनी प्रबन्धहरू गर्दै महासन्धिले इङ्गित गरेका जुन किसिमका कुराहरू छन् । जुन तिनै क्षेत्रमा भ्रष्टाचारलाई अन्त्य गर्नुपर्छ भन्ने कुराको हाम्रो प्रतिबद्धता हो । यो कुराहरूलाई पनि के छ भन्दाखेरि कानूनहरूमा आज कति सकिन्छ त्यो हदसम्म हामीले adopt गरेर जानु पर्छ । तेस्रो कुरा भनेको राज्य सञ्चालनमा रहेका हाम्रा चाहिँ जो राज्य सञ्चालनका जुन शैलीहरू छन् । राज्य सञ्चालनको शैलीहरूमा हामीले पुनर्व्यवस्थापन गर्न जरुरी छ । innovation गर्न जरुरी छ । त्यसमा चाहिँ के छ भन्दाखेरि नयाँ परिवर्तन गर्न जरुरी छ । र यसो गरेर मात्रै के छ भन्दाखेरि हामीले वास्तवमा एउटा हाम्रो सपना अनुसारको जनताको सपना अनुसारको संविधानले अगाडि सारेका सोचहरूको आधारमा यो मुलुकलाई समृद्ध मुलुक र समाजवाद उन्मुख निर्माण गर्न सकिन्छ । यिनै कुराहरू निवेदन गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव । समय १२ मिनेट । यसपछि माननीय सुमन राज प्याकुरेल ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज म हाम्रो समाजमा सदियौंदेखि जातीय उत्पीडनको शिकार भएको समाजिक विभेदको शिकार हुँदै आएको र मानिसले मानिसप्रति गर्ने व्यवहार पनि नपाइराखेको यो अवस्थामा बाँचिराख्नु भएका । दलित समुदायको बुवामुवा दिदी बहिनी र दाजुभाइहरूको बारेमा केही प्रतिनिधिमुलक विषयहरू म यो गरिमामय सदनमा उठाउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशको संविधान र कानून यो जातीय समस्याको बारेमा र मुख्य रूपमा दलित समस्याको बारेमा के

भन्छ ? हाम्रो संविधानको प्रस्तावनाले वर्गीय जातीय, क्षेत्रीय भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी अन्त्य गर्ने कुराको प्रतिबद्धता जाहेर गरेको छ । हाम्रो संविधानको मौलिक हकको व्यवस्थाले जातीय समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक दलितलाई राज्यमा समानुपातिक समावेशी हिसाबले प्रतिनिधित्व गराउने हकको ग्यारेण्टी, शिक्षामा, स्वास्थ्यमा, भूमिमा आवासमा लगायतका क्षेत्रहरूमा यो समुदायलाई न्यायोचित किसिमले एउटा प्रतिनिधित्व गराउने व्यवस्थालाई प्रत्याभूत गरेको र त्यही रोहमा त्यही प्रकाशमा हाम्रो ऐनको व्यवस्थाले जातीय भेदभाव तथा छुवाछूत, कसुर र सजाय ऐन, २०६८ जसमा २०७५ मा संशोधन भएको छ । त्यो ऐनले पनि बडो प्रष्ट रूपमा दलितमाथि हुने भेदभाव मानवता विरुद्धको अपराध हो भनी किटानी गरेको छ । पीडितलाई न्याय सहित क्षतिपूर्तिको व्यवस्थाको प्रावधान राखेको छ, व्यवस्था गरेको छ । पीडकलाई कैद र जरिबाना दुवैको व्यवस्था गरेको छ । यसरी संविधानका मर्म र अवसर र भावनालाई मर्मलाई यसरी ऐन मार्फत् व्यवस्थित गरेको छ ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशको अवस्था के छ ? दलित समुदायको अवस्था के छ ? यस बारेमा म केही प्रतिनिधि मुलक घटनाक्रमलाई यहाँ उल्लेख गर्न चाहन्छु । पहिलो कुरा, सन् २०१७ र २०१९ को बीचमा यो दुई वर्षको बीचमा सम्माननीय अध्यक्ष महोदय देशभर महिला र बालबालिकाहरूमाथि बलात्कार, बलात्कारको प्रयास, बलात्कारपछि हत्या र यौनजन्य दुर्व्यव्यवहारको घटना ४९४० वटा घटना भएका छन् । यो दुई वर्षमा ४९४० वटा घटनाहरू भएका छन्, यस्ता घटनाहरू जसमा ३५०० बलात्कारका घटना हुन् ४२० बलात्कार गर्ने प्रयासका घटना हुन् र ९९४ वटा यौनजन्य व्यवहारका घटना हुन । र यसमा २६ वटा घटना बलात्कारपछिको हत्याको घटना छ । बलात्कारपछि हत्या हुनेमा ३५ प्रतिशत दलित महिला र बालिका छन् र यो डाटाले अझ fragmentation गरेर हेर्ने हो भने कूल बलत्कृत महिलामध्ये १८ percent दलित र कूल बालिका बलात्कृतमध्ये २३ percent दलित समुदायबाट छन् । यो कारुणीक यो दानवीय यो कुर किसिमको आक्रमण यो समुदायमाथि भइराखेको छ । त्यति मात्रै होइन, सम्माननीय अध्यक्ष महोदय, यदि नवराज वि.क. दलित नभएको भए के हुन्थ्यो ? यदि कुनै कोइराला भएको भए यदि कुनै ठकुरी सिंह शाही भएको भए रुकुमको घटना हुने थिएन । यसले हाम्रो समाज अहिले पनि एउटा उच्च जातीय अहङ्कार वा सामन्ति मानसिकताबाट अझै पनि मुक्त हुन सकेको छैन भन्ने कुरालाई प्रतिनिधित्व गर्छ भन्ने कुरालाई इङ्गित गर्दछ । त्यति मात्रै होइन सम्माननीय अध्यक्ष महोदय, मैले यो कुरा अस्ति पनि दुई तीन चोटि राखेको थिएँ । जेठ २८ गते शम्भु सदा मुसहर प्रदेश नम्बर २ चवेला धनुषाका जो प्रहरी हिरासतमा जो चाहिँ जसको मृत्यु भयो । मृत्युवरण गरे उनले अहिलेसम्म उनको लास गनाइराखेको छ । लाशको पोष्टमार्टम भएको छैन । दलित समुदायले जिल्ला प्रशासन कार्यालयमा सिडियोको अगाडि सहमति गरेर त्यो पोष्टमार्टम हुने दिनमा दलित समुदायको तर्फबाट पनि एउटा मेडिकल डक्टर त्यहाँ हुन्छ र पोष्टमार्टम हुने सहमति हुँदाहुँदै पनि

अहिलेसम्म त्यो त्यहाँका डक्टरहरूले हस्पिटलले नमानेर, प्रशासनले नमानेर त्यो सहमति तोडेर लास गनाइराखेको छ र अहिलेसम्म पोष्टमार्टम हुन सकेको छैन, त्यो शम्भु सदा मुसहरको ।

त्यस्तै भर्खरै सम्माननीय अध्यक्ष महोदय, धनुषा जिल्लाको हंसपुर नगरपालिका एउटा १६ वर्षे केटो राजु सदा मुसहर भर्खरै आइसोलेसन वार्डमा जनकपुर प्रादेशिक अस्पतालको आइसोलेसन वार्डमा एउटा उचित इलाज नपाएर, उपचार नपाएर, औषधि नपाएर जो कि मुसहर जातिको मान्छे थियो, युवक थियो । त्यो नपाएर अकाल मृत्युवरण गर्नुपर्ने स्थिति भएको छ सम्माननीय अध्यक्ष महोदय । यसरी पहाडदेखि तराइसम्म मधेससम्म आज दलित समुदायमाथि, विपन्न समुदायमाथि जातीय रूपमा तथाकथित छुवाछूत, समु जसलाई संविधानले भनेको छैन । तर त्यो ढङ्गको जुन व्यवहार भइराखेको छ तमाम् ठाउँमा । यो पूरै देशभरि यस्ता समस्याहरूले आज नेपाली समाज गाँजिएको छ । यो एउटा ठुलो चुनौति सम्माननीय अध्यक्ष महोदय । हामी अग्रगामी राजनीतिक सोच राख्ने, संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनाउने एउटा प्रगतिशील राजनीतिक शक्तिहरूको लागि एउटा ठुलो चुनौतिको विषय हो । ठुलो एउटा चुनौतिको विषय र एउटा यस्तो विषय हो कि हामीले आफूलाई प्रगतिशील भन्न हामीले आफूलाई एउटा जनताको मुक्तिको लागि हामी लड्दै छौँ । समाजवाद ल्याउने एउटा शक्ति हौँ भनेर भन्न लाज लाग्ने अवस्था छ सम्माननीय अध्यक्ष महोदय । त्यसकारणले म बहुतै गम्भीर रूपमा अलिकति भावुक पनि भएर म देशका सम्पूर्ण राजनीतिक पार्टी र यो सरकारलाई पनि यो समुदायको लागि खासगरि दलित समुदायको लागि गरिबीको उत्पीडनमा परेको र जातीय विभेद र उत्पीडनमा परेको दुवै कोणबाट double jeopardy को सिकार भएको, यो समुदायको लागि विशेष रूपमा नेपाल सरकारलाई र नेपालको राजनीतिक पार्टीहरूलाई र मुख्य रूपमा नेपाल सरकारलाई विशेष रूपमा केही कुराहरू अङ्गिकार गर्न, अख्तियार गर्न र तत्कालीन रूपमा केही कामहरू अगाडि बढाउन म आग्रह गर्दछु । जसमा पहिलो म माग गर्न चाहन्छु कि यो दलित समुदायलाई economically empower नगर्दासम्म आर्थिक रूपमा मजबुद नहुँदासम्म उनले आफ्नो खुट्टामा आफै उठ्ने स्थिति नहुञ्जेलसम्म उनले जुन छुवाछूत र जातीय उत्पीडनको एउटा व्यवहार व्यहोरिरहेको छ सदियौंदेखि त्यसबाट मुक्त हुन सक्दैन सम्माननीय अध्यक्ष महोदय ।

त्यसकारणले पहिलो मेरो माग के छ भन्दाखेरि नेपाल सरकारले दलित समुदायलाई विशेष रूपमा economic empower गर्नको लागि केही विशेष किसिमका targeted योजनाहरू अगाडि बढाओस् र यी समुदायका जो अझ सबभन्दा lowest layer का जो गरिबहरू छन् । तिनीहरू हाम्रा देशमा कति छन् ? दलित समुदायभित्र गरिब र विशेष रूपमा दलित समुदायभित्र सबभन्दा तल्लो त्यो layer मा बाँच्ने जो आज दिनभरि कमाएनन् भने राति भोकले मर्ने स्थिति बन्छ । त्यो समुदायका सङ्ख्या कति छन् ? यसबारेमा नेपाल सरकारले एउटा विशेष किसिमको एउटा तथ्याङ्क सङ्कन अभियान चालोस् र प्रकारान्तरले यो दलित समुदायलाई एउटा टार्गेट ग्रुप बनाएर नेपाल सरकारले केही economic package को तत्कालै

घोषणा गर्ने र दीर्घकालीन रूपमा के-कस्ता policy र programme हरू दलित समुदायलाई माथि उठाउन upliftment को लागि गर्न आवश्यक छ । त्यसबारेमा सोच्न म जोडदार माग गर्न चाहन्छु number one । नम्बर दुई सम्माननीय अध्यक्ष महोदय, हाम्रो यो संविधानले नै भनेको छ समानुपातिक, समावेशी ढङ्गले दलित समुदायलाई राज्यका विभिन्न निकायहरूमा, विभिन्न अङ्गहरूमा प्रतिनिधत्व गर्ने यसमा म जोड दिन चाहन्छु । म सम्माननीय अध्यक्ष महोदय मार्फत् दलित समुदायका पनि अगुवाहरूलाई, दलित समुदायका सचेत नागरिकहरूलाई म आह्वान गर्न चाहन्छु । तपाईंहरू समानुपातिकको लागि त आवाज उठाउनु समानुपातिक समावेशी प्रतिनिधिको लागि त आवाज उठाउनुस् तर त्यसमा थप मेरो अनुभव के छ भन्दाखेरि त्यो समुदायलाई पनि आग्रह गर्न चाहन्छु र अहिले नीति निर्माणमा रहेका power exercise गरिराखेका हाम्रा bureaucracy भित्रका र political circle भित्रका समुदायलाई म के आग्रह गर्न चाहन्छु भने दलित समुदायलाई representation त गराइयोस् तर power exercise हुने ठाँउ जुन छ । राज्यका विभिन्न अङ्गहरूमा power exercise हुँदैनन् । राज्यका केही विशेष अङ्गहरू छन्, निकायहरू छन् । जहाँ साँच्चिकै power exercise हुन्छ । शक्तिको अभ्यास हुन्छ । जबसम्म यी समुदायलाई यो दलित समुदायलाई non tolerant people लाई weaker section of the society लाई power exercise गर्ने ठाउँमा पुऱ्याईंदैन । Nominal रूपमा represent मात्रै गराइन्छ । तबसम्म एउटा समानताको अवस्था नेपाली समाजले प्राप्त गर्न सक्दैन । समाजवादको कुरा त धेरै परको कुरा हो । त्यसकारणले power exercise हुने ठाउँमा policy making हुने ठाउँमा समानुपातिक र समावेशी ढङ्गले दलित समुदायलाई पुऱ्याइयोस् भनी म नेपालका सम्पूर्ण ठुला पार्टीहरूलाई, सत्तामा रहेका पार्टीलाई र नेपाल सरकारलाई म आग्रह गर्न चाहन्छु ।

अन्त्यमा, म के भन्न चाहन्छु भन्दाखेरि यति मात्रैले पुग्दैन यो political package ले र यो economic pakcage ले मात्रै पुग्दैन । आज विभिन्न ठाउँहरूमा जसरी दलितमाथि अन्याय र अत्याचार भइराखेको छ । killing भइराखेको छ । त्यसको बारेमा हाम्रो देशको कानूनले बोलिराखेको छ । हाम्रो देशको कानूनले केही निश्चित कङ्क्रिट प्रावधानहरू बनाएको छ, व्यवस्थाहरू गरिराखेको छ । त्यसलाई चाहिँ बिनाकुनै भेदभाव त्यसलाई re-inforce गर्ने, त्यसलाई लागू गर्ने, त्यसलाई कडासँग लागू गर्ने जबसम्म काम नेपाल सरकारले गर्दैन । कानून कडाइमा जबसम्म ढिलाइ रहन्छ तबसम्म दलितहरूले न्याय पाउँदैन । त्यसकारणले existing rules and regulation को existing कानूनको reinforcement without any discrimination, without any otherwise thinking जबसम्म सरकारका अङ्गहरूले निकायहरूले लागू गर्दैनन् । तबसम्म दलित समुदायले समाजिकमुक्ति पाउँदैन । त्यसकारण कमसेकम तात्कालिक रूपमा यो political, economic र legal package मा सरकार अगाडि बढोस् यो माग गर्दै म आफ्नो कुरा यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुमन राज प्याकुरेल समय ७ मिनेट । यसपछि माननीय मृगेन्द्र कुमार सिंह यादव ।

**माननीय श्री सुमन राज प्याकुरेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्षरुज्यू, नेपाल कम्युनिष्ट पार्टीको वर्तमान सरकार गठन भए यता यो रङ्गदारी ट्याक्स, जवरजस्ती चन्दा असुली र गुण्डागर्दीमा केही कमी आएको छ । तर केही दिन यता यो खास गरिकन प्रदेश नं. २ मा अन्य राजनीतिक पार्टीहरूको तर्फबाट नेपाल कम्युनिष्ट पार्टीको कार्यकर्ताहरूमाथि श्रङ्खलाबद्ध रूपमा शारीरिक हमला र आक्रमणहरू भइरहको छ । म केही प्रतिनिधिमुलक घटनालाई मात्र यहाँ केही राख्न चाहन्छु । रौतहट जिल्लामा केही समय अगाडि विभिन्न ठाउँमा हमला गरियो । त्यसपछि आषाढ ६ गते सर्लाही जिल्लाको रामनगर भन्ने ठाउँमा नेकपाका कार्यकर्ता रामजनम रायको हत्या गरियो । त्यो हत्याको काण्डको विरुद्धमा निष्पक्ष छानबिन गरी कानूनी कारबाहीको माग गर्दै जुलुस निकालिरहेका त्यहाँका स्थानीय नेकपाका कार्यकर्ताहरू र त्यहाँका जनताहरूलाई १४ गते धनकौल गाउँपालिकामा त्यो निस्केको जुलुसमा शान्तिपूर्ण जुलुसमा २ नं. प्रदेश सभाका सदस्य विरेन्द्र प्रसाद सिंह र त्यहीँ गाउँको निर्वाचित गाउँपालिका अध्यक्ष रामआश्रय शाहको नेतृत्वमा उहाँहरू सहित हत्तियार लिएर, भरुवा बन्दुक लिएर उहाँहरूको नेतृत्वमा अनिल शाह, रामविलास शाह, मुकेश शाह, जय किशोर सिंह, दिपेन्द्र शाह, अमरेन्द्र कुमार शाह सहितले भरुवा बन्दुकले त्यहाँ आक्रमण गरे । जुन आक्रमणमा १५ जना निहत्या व्यक्तिहरूलाई छर्रा गोली लागेको छ र घाइते भएका छन् । घाइतेमध्ये गम्भीर घाइते भएकाहरूको विरगञ्जको अस्पतालमा र अन्यको जिल्ला अस्पताल मलङ्गवामा उपचार भइरहेको छ । अध्यक्ष महोदय, यसरी आक्रमण गरेको प्रत्यक्ष त्यहाँ प्रहरी पनि घाइते भएका छन् । त्यो देख्दादेख्दै आक्रमणकारीहरूमध्ये मुकेश शाहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । तर मूल नाइके विरेन्द्र प्रसाद सिंह र रामआश्रय शाह लगायतलाई अहिलेसम्म प्रहरीले नियन्त्रणमा लिएको छैन र उल्टै यो मूल आक्रमणकारीहरूको बिरुद्धमा परेको निवेदन दर्ता नगर्ने जस्ता गतिविधि प्रहरीबाट भइरहेको हुँदा यस सम्बन्धमा सम्माननीय अध्यक्षज्यू मार्फत् म गृह मन्त्रालयको र सम्बन्धित निकायको ध्यान आकर्षण गर्न चाहन्छु ।

त्यसैगरि सप्तरी राजविराज नगरपालिकाको मलेठ गाउँमा जहाँ औद्योगिक क्षेत्र छ रुण्णीरैया जाने बाटोमा त्यहाँ शहिदहरूको सम्मानमा एउटा शहिद गेट बनाइएको छ । र सानो एउटा शहिद पार्क बनाइएको छ । त्यो पार्कमा भइरहेको व्यापक अनियमितता र भ्रष्टाचारको बारेमा ठुलो जनगुनासो भयो । त्यो जनगुनासो र भ्रष्टाचारलाई उजागर गऱ्यो भनेर माउण्टेन टेलिभिजनमा प्रसारण गऱ्यो भनेर त्यो वापत त्यो ठाउँको ठेक्का दिने ठेकदार बाहुबली राजविराज नगरपालिकामा गत निर्वाचनमा संघीय समाजवादी पार्टीकोतर्फबाट मेयरको उमेदवार रहेका भिमराज यादवले पत्रकार दिवाकर शाहलाई बाराम्बार ज्यान मार्नेसम्मको धम्की

दिएको बारेमा प्रमाण सहित जिल्ला प्रहरी कार्यालयमा जानकारी दिँदा समेत अहिलेसम्म जिल्ला प्रहरी कार्यालयले केही सोधपुछ पनि गरेको छैन । उल्टै सँधै जसो पत्रकार यी पत्रकारको घरमा गएर धम्काउने काम भइरहेको छ । उसका परिवारका सदस्यहरू पनि एकदम आतङ्कित स्थितिमा बाँच्नु पर्ने अवस्था रहेको छ । यसप्रति पनि सम्बन्धित निकायको ध्यान आकर्षित गर्न अनुरोध गर्न चाहन्छु । त्यसैगरि सप्तरी जिल्लाको हनुमान नगर कङ्काली नगरपालिकाको वाड नं. ३ का वडा अध्यक्षले सार्वजनिक स्थलमा केही समय अगाडि नेकपाका कार्यकर्ताहरूलाई कुटपिट गरेर घाइते बनाए । त्यसको मुद्दा जिल्ला कार्यालयमा दर्ता गर्न जाँदा अहिलेसम्म त्यो दर्ता गरिएको छैन । मैले सम्माननीय अध्यक्षज्यू मार्फत् के आग्रह गर्न चाहन्छु भने राजनीतिक विचारलाई विचारको आधारमा प्रतिस्पर्धा गर्नु पर्छ प्रतिस्पर्धात्मक आधारमा जानुपर्छ । तर यसैगरि आक्रमण भइरह्यो भने यसले सामाजिक सौहार्द्धतालाई खल्बल्याउने हुँदा सम्बन्धित निकायको यसमा ध्यान जाओस् र यसमा कडाइका साथ यसलाई रोक्ने काम गरियोस् भन्ने अनुरोध गर्न चाहन्छु । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय मृगेन्द्र कुमार सिंह यादव समय ७ मिनेट । यसपछि माननीय उदया शर्मा (पौड्याल) ।

**माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (राष्ट्रिय जनता पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, बीचमा जहाँ पनि विभेदमा परेका समुदायहरू, मान्छेहरू जब आफ्नो आवाज उठाउँछ तब शासक बर्गको एउटा रेडिमेड नीति हुन्छ । त्यसमा फुट डालौ अनिशासन गरौं, त्यस्तै हाम्रो मुलुकमा पनि शोषित, पीडित, उपेक्षित, अपहेलित, अपमानित समुदाय मधेसी समुदाय । जब-जब आफ्नो विभेदको सम्बन्धमा आवाज उठाउँछ तब-तब स्थायी सत्ताको रूपमा रहेका शासक वर्गले त्यहाँ फुट डाल्ने प्रयास सँधै गरिरहन्छ । त्यहाँका आदिवासीहरूलाई तिमी ती आदिवासी हौं, मधेसी होइनौं धार्मिक रूपमा इस्लाम धर्म मान्नेलाई तिमी त मुस्लिम हौं । तिम्रो धर्म नै छुट्टै छ । तिमी मधेसी होइनौं त्यस्तै दलित वर्गलाई पनि तिम्रो शोषण गर्ने जम्मै यहाँका मधेसीहरू हुन् । सत्ताको बागडोर सँधै तपाईंको हातमा र शोषण गर्ने त्यहाँका मधेसीहरू ? म सोध्न चाहन्छु । यहाँ चाहिँ सय कडौं हजारौं विघा जग्गा सुकुम्बासीको नाममा विभिन्न जङ्गल फडानी गरेर विभिन्न बाहानामा फडानी गरेर वितरण गर्‍यो । कति जना हाम्रा त्यहाँका मधेसी दलितहरूले पाएका छन् ? त्यो सिंहदरवारको साँचो सँधै एउटै समुदायको हातमा रह्यो । र त्यहाँ दोष लगाउने त्यहाँका केही टाठा-बाठाहरू मन्त्री बन्ने रे, फलना बन्ने रे, चिलाना बन्ने रे । त्यसैले म आग्रह गर्न चाहन्छु । त्यो दलित समुदाय पनि अब बुझिसकेका छन् । यो रेडिमेड नीतिले अब काम चल्नेवाला छैनन् । अब सबै बुझिसकेका छन् कुनै नयाँ पैत्रा चाहिँ सोच्नुस् । कतिलाई सुकुम्बासीको नाममा कति जनालाई अहिलेसम्म त्यो सार्वजनिक होस् स्वेतपत्र जारी

गरोस् कि कति जग्गा मधेशको जङ्गल फडानी गरेर अहिलेसम्म कति जग्गा वितरण भएको छ र कस्ले-कस्ले पाएको छ ? त्यो चाहिँ थाहा पाउँ अध्यक्ष महोदय । साथै सायद आज यो छैटौँ अधिवेशनको अन्तिम दिनमा नै छु जस्तो लाग्छ । त्यसैले सबैलाई मेरोतर्फबाट चाँहि शुभकामना धन्यवाद दिँदै म विदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय उदया शर्मा पौड्याल समय ५ मिनेट । यसपछि माननीय प्रमिला कुमारी ।

**माननीय श्री उदया शर्मा पौड्याल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, कल्पना नै नगरिएको कोरोना महामारीले नेपालका ७७ वटै जिल्लालाई प्रभावित पारी भय र आतङ्कित सिर्जना गरिरहेको छ । परीक्षण नगरी थाहा नहुने र ल्याव परीक्षण गर्दा हप्तौं लाग्ने विडम्बना हामीले भोगिराखेका छौँ । दुःखद् मृत्युवरण गरेकाहरूको पनि परीक्षणको नतिजा मृत्युपछि आउँदा कोरोना पुष्टि भएको समाचार आइरहेको छ । कोरोना परीक्षणको दायरालाई फराकिलो बनाउने, छिटो छरितो रूपमा रिपोर्ट तयार गर्ने व्यवस्था मिलाउने र रिपोर्ट विश्वसनीय बनाउने कार्यमा सरकारको विशेष पहलकदमी होस् भन्ने अध्यक्षज्यू मार्फत् सम्बन्धित निकायको ध्यान आकर्षण गराउँछु । सम्माननीय अध्यक्षज्यू, म दोस्रो विषयमा जान्छु । बन्दाबन्दी पश्चात पूर्ण बन्देज लगाइएका निजी सवारी साधन र खाद्यान्न, तरकारी, पानी, औषधि, निर्माण सामग्री ढुवानी गर्ने यातायातका साधन पनि सुचारु भएका छन् । यात्रु लक्षित सवारी साधन भने ठप्प रहेकोले सर्वसाधारण जनताले सास्ती खेप्नु परिरहेको छ । सम्बन्धित नगर वा गाउँपालिकाको सिफारिस लिएर यात्रा गर्न अनुमति दिने सरकारले सार्वजनिक यातायातलाई भने रोक लगाउनु न्याय सङ्गत छैन भन्ने मलाई लाग्छ । उपत्यकामा स्थायी बसोबास गरेका विभिन्न व्यवसाय गरेर बसोबास गरेकाहरू मजदुर, कर्मचारीहरू भने सार्वजनिक यातायात सुचारु नहुँदा पिल्सिएका छन् । गर्भवती महिलाहरूले नियमित परीक्षण गराउन पाएका छैनन् । अस्पताल वा स्वास्थ्य केन्द्र पुग्न नसक्ने गर्भवती महिलाको सङ्ख्या करिब ७२ percent यो लकडाउनको अवधिमा रहेको छ । घरैमा सुत्केरी गराउन बाध्य हुँदा ३९ जना महिलाले ज्यान गुमाइसकेका छन् । सम्माननीय अध्यक्षज्यू, ठुला सवारी साधन र ट्याक्सी लगायतका गाडीहरूलाई आवश्यक शर्त र मापदण्ड अपनाएर सञ्चालन गर्न दिँदा एकातिर सर्वसाधरण जनताले राहत महशुस गर्ने र अर्कोतिर रोजगारी गुमाएका सवारी चालक मजदुरहरूको रोजी रोटीको व्यवस्था हुन सक्ने एवम् यातायात मजदुरहरू सडकमा उत्रिन पर्ने अवस्था नरहने हुँदा यसतर्फ सम्बन्धित निकायहरूबीच समन्वय गरी आवश्यक व्यवस्था गरियोस् भन्ने माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू म तेस्रो विषयतिर लाग्छु । कोरोनाले नराम्ररी थला पारेको अर्को क्षेत्र शैक्षिक संस्था हो । शिक्षाको उज्यालो ज्योति छर्ने र भविष्यको कर्णधार उत्पादन गर्ने शैक्षिक संस्थाहरू लगभग ४ महिनादेखि बन्दै छन् । यसबाट अभिभावक, विद्यार्थी र शिक्षकहरू अन्योलग्रस्त भएका छन् । निजी विद्यालयका करिब २ लाख शिक्षक कर्मचारीहरूले फागुन महिनादेखि तलब भत्ता खान पाएका छैनन् । विद्यालय सञ्चालन गर्ने निर्देशन पर्खिरहेका करिब १० हजार निजी विद्यालयहरू त्यसमा पनि साना र भाडामा सञ्चालित विद्यालयहरूको अवस्था नाजुक बन्दै गएको छ । निजी विद्यालयका शिक्षक, कर्मचारीहरू पनि सडकमा नै आउने सम्भावना हुँदा र यस विषयमा पटक-पटक प्रश्न उठ्दा पनि शिक्षा मन्त्रीज्यूको मौनता भङ्ग नभएकोले आश्चर्य लागेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रमिला कुमारी समय ५ मिनेट । यसपछि माननीय ठगेन्द्र प्रकाश पुरी ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, आज म Enough is Enough , “सत्याग्रह to safe lives जनताको जीवन रक्षाका लागि खाना पानी नखाई सत्याग्रहको सम्बन्धमा आफ्नो भनाइ राख्न चाहन्छु । Demanding a better COVID–19 ResponseÆ . COVID–19 को सवल व्यवस्थापन माग गर्दै २६ वर्षिया इः नाम गरेको नेपाली युवा अभियान्ताले पाटन दरबार स्क्वायरमा असार १२ गतेदेखि सत्याग्रहको नेतृत्व गर्दै अन्य अनशनरत नेपालीसँगै एक हप्तादेखि अनशनमा बसेको छ । स्वास्थ्यमा समस्या देखिएपछि अरु २ अनशनरतहरूलाई अस्पताल लगिएको छ । उनीहरू अस्पतालमा नै सत्याग्रह गरिरहेको अवस्था छ । इः अवस्था पनि गम्भीर हुन लागेकोले यी देशभक्त युवाहरूको ज्यान जोगाइदिन र COVID–19 रोकथामको लागि राखिएका मागहरू सम्बोधन गरिदिनु हुन नेपाल सरकारको ध्यान आकृष्ट गराउँन चाहन्छु । जेठ अन्तिम साता राजधानी सहित देशको विभिन्न सहरमा Enough is Enough अभियानले व्यापकता पाएको थियो । नागरिकको जीवन रक्षाको लागि सरकारले देशव्यापी रूपमा पीसीआर टेष्ट गराउनु पर्ने WHO को मापदण्ड बमोजिम क्वारेन्टाइन र आइसोलेसनको व्यवस्था गर्नु पर्ने । Well Equiped को प्रयोगशालाको स्थापना बृहत रूपमा गर्नु पर्ने डाक्टर एवम् अन्य स्वास्थ्यकर्मीहरूको राम्रो व्यवस्थापन गर्नु पर्ने, स्वास्थ्य सामाग्री खरिदमा भएको भ्रष्टाचारको छानबिन अविलम्ब हुनु पर्ने जस्ता माग राख्दै इः कै नेतृत्वमा हजारौं युवा सडकमा ओर्लिएका थिए । नागरिकको ज्यान जोखिममा परेको बेला सरकारको लापरबाही देखेर यिनले सुरुमा भर्चुअल बिरोध गरे । स्वास्थ्य मन्त्रालयलाई ज्ञापन पत्र बुझाए तर त्यसको प्रभावकारिता नभएपछि हजारौं युवा सहित सडकमा ओर्लिएका थिए । अहिले सत्याग्रहको नेतृत्व गर्दै अन्य अनशनरतहरू सँगै अनशनमा बसेको छ । जसको अवस्था

धेरै नै गम्भीर भएको छ । त्यसैले उहाँहरूको जीवन रक्षाको माग गर्दै, उहाँहरूको माग जुन सम्पूर्ण नेपाली नागरिकको हकहितमा छ त्यसलाई सम्बोधन गर्न सरकारको पुनः ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय ठगेन्द्र प्रकाश पुरी समय ५ मिनेट ।

**माननीय श्री ठगेन्द्र प्रकाश पुरी (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, सरकारले बन्दाबन्दीको स्वरूप परिर्वतन गरेसँगै सरकारी प्रशासनिक र सेवामुलक कार्यहरू सञ्चालनमा आएका छन् । नेपाल सरकारको भूमि व्यवस्था मन्त्रालय अन्तर्गतका मालपोत कार्यालयबाट लेनदेन सम्बन्धी घर जग्गा रजिस्ट्रेशन, अंशबण्डा, बकस पत्र, नामसारी, राजीनामा लगायतका कामहरू धामधम हुन थालेका छन् । यी कामहरूको सम्बन्ध हद कायम वा हक हस्तान्तरणसँग हुन्छ । यी कामहरूले राजस्व सङ्कलनमा समेत योगदान गर्दछन् । नागरिकको व्यवहारिक जीवनमा आवश्यकता र सन्दर्भ अनुसार कानूनको परिधिभित्र हुने यी कामहरू स्वास्थ्य सुरक्षा समेतलाई आत्मसाथ गरी सूचारु गरिरहनु नै उचित छ । सम्माननीय अध्यक्षज्यू, कहिले काहीँ कसैले आफ्नो निहित स्वार्थ पूर्तिका लागि जालसाजीपूर्ण तरिकाले यी रजिष्ट्रेशन अंशबण्डा, बकस पत्र, नामसारी जस्ता कामहरू गर्ने गर्छन् । जसबाट अन्य हकवालालाई दख्खल पुग्दछ । यस्तो अवस्था आइपरेमा हकबाट बञ्चित हुने पक्षको साहारा अदालत मात्र हुन्छ । स्वतन्त्र, सक्षम र निष्पक्ष निकायको रूपमा रहेको अदालतले जालसाजी युक्त कारोवारबाट पीडित हुन पुगेका पक्षको हकको सुरक्षा गर्ने व्यवस्था गर्दछ ।

अध्यक्षज्यू, अहिले बन्दाबन्दीका कारण सम्मानित सर्वोच्च अदालत र मातहतका अदालतहरूबाट मौलिक हकसँग सम्बन्धित निवेदनहरूको दर्ता र सुनुवाइ, फौजदारी अभियोजन दर्ता र थुनछेकको आदेश सम्बन्धी कामहरू मिलापत्रको माध्यमबाट टुङ्गो लाग्ने निवेदन दर्ता र सुनुवाइ र कानून बमोजिम फिर्ता लिन मिल्ने मुद्दा फिर्ता लिने सम्बन्धी कामहरू मात्र हुने गरेका छन् । अन्य फिराद पत्र र प्रतिउत्तर पत्र दर्ता साथै विचराधीन मुद्दाहरूको प्रकृया सूचारु हुन सकिरहेको अवस्था छैन । अदालतबाट सम्पन्न हुने यी सबै कार्य अहिलेकै अवस्थामा तत्काल सञ्चालन गर्न कठिन नै छ । तर अदालतले सम्पत्ति रोक्का र जालसाझ सम्बन्धी निवेदनहरू दर्ता गरी सुनुवाइ गर्ने सेवा तत्काल सुरु नगर्ने हो भने विशेष गरी नावालक र महिलाहरूले सम्पत्तिको हक सुरक्षा गर्न विभिन्न झमेलाहरू उत्पन्न हुने अवस्थाहरू सिर्जना भएको छ । माल कार्यालयबाट घर जग्गा रजिष्ट्रेशन, राजीनामा, नामसारी बकसपत्र, अंशबण्डा लगायतका लेखत पारत भइरहेको अवस्थामा सम्पत्ति रोक्काको आदेश अदालतबाट नहुने हो भने नावालक र महिलाहरूलाई सम्पत्तिको रोकबाट बञ्चित गर्ने गरी कोही कसैले काम गर्न

सक्छ र यस्तो समस्या सम्माननीय अध्यक्षज्यू, अहिले खासगरि ७७ वटै जिल्लामा यस्ता समस्याहरू देखा परिरहेका छन् । एकातिर माल कार्यालयले यो सम्पत्ति सम्बन्धी लेनदेनका कामहरू गरिरहेको अवस्था छ भने अर्कोतिर अदालतले फिराद पत्र लिन नसक्ने स्थिति रहेका कारणले आफ्नो सम्पत्तिको हक सुरक्षा परिपाटीको लागि जो फिराद पत्र दिनु पर्ने र फिराद पत्रमा माग भए बमोजिम अदालतबाट सम्पत्ति रोक्का गराएर आफ्नो सम्पत्तिको हकको सुरक्षा गर्ने कुरा अहिले टड्कारो रूपमा देखा परेको छ । सम्माननीय अध्यक्षज्यू, बन्दाबन्दीको अवस्थामा नागरिक हकलाई उच्च प्राथमिकतामा राखी अनिवार्य सेवा सुचारु गरी उल्लेखनीय योगदान गरेका न्यायिक निकायहरूले फिराद दर्ता र सम्पत्ति रोक्का सम्बन्धी आदेश गर्ने सेवालाई अविलम्ब सुचारु गरी आम नागरिकको सम्पत्ति सम्बन्धीको हकलाई सुरक्षा गर्न आवश्यक छ । अहिले भर्खरै मात्रै हाम्रो सम्मानित सर्वोच्च अदालतले यो बन्दाबन्दीको अवस्थासँगको हदम्यादको बारेमा व्याख्या गरेको छ र त्यो हद म्यादको कुरालाई त अदालतको व्याख्याले सुरक्षा गरेको छ । तर यो अदालतले दिएको हद म्यादका कारणले मात्रै यदि फिराद पत्र र यो सम्पत्ति रोक्काको आदेश सम्मानित अदालतबाट दिने सेवा सुरक्षा अविलम्ब गर्न नसक्ने हो भने त्यो हद म्यादको कारणले विशेषतः नावालक र महिलाको सम्पत्ति सम्बन्धीको हक सुरक्षा हुने स्थिति छैन । यो सेवालाई हाम्रा न्यायीक निकायहरूले अविलम्ब सुचारु गरुन् भन्ने माग गर्दै म सम्माननीय अध्यक्षज्यू मार्फत् सम्मानित निकायको ध्यान आकर्षण गराउन चाहन्छु र आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विभिन्न विधेयकहरू प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ । म सोको व्यहोरा पढेर सुनाउँछु । संघीय सदनको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकराणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय रष्ट्रपति श्रीमति विद्या देवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण  भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान ५ यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्रम सङ्ख्या | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ५ | आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक । | २०७७/३/१५ |
| २ | ६ | नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक । | २०७७/३/१५ |
| ३ | ७ | राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक । | २०७७/३/१५ |
| ४ | ८ | ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक । | २०७७/३/१५ |
| ५ | ९ | केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयक । | २०७७/३/१५ |

(डा. हरि पौडेल)

सचिव

माननीय सदस्यहरू, “अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७” माथि राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट बिरोधको सूचना प्राप्त हुन नआएकोले अब म माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईको तर्फबाट भैतिक पूर्वाधार तथा यातायात मन्त्री एवम् शहरी विकास मन्त्री बसन्त कुमार नेम्बाङलाई अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँदछु ।

**भैतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री श्री वसन्तकुमार नेम्बाङः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले “अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७” सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेको तर्फबाट राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाएको "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७७ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७७ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाएको "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७७ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाएको "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ लाई प्रतिनिधि

सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक आजै २:३० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अब अर्को बैठक आजै २:३० बजे बस्ने गरी बैठक स्थगित भयो) ।

**अन्त्यः- दिउँसो २:०२ बजे ।**